# किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट

बागमती प्रदेश, नेपाल


प.सं. :- २०७९/८०

च.नं. :-

**साझेदारीमा कार्यक्रम सञ्चालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाको लागि आशयपत्र आह्वानको संशोधित सूचना**

**सूचना प्रकाशित मिति २०७९/१०/२५**

किस्पाङ गाउँपालिकाले जिविकोपार्जन (कृषि, पशु) विषय क्षेत्रमा साझेदारीमा कार्यक्रम संचालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थासँग लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले "साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि,२०७९" कार्यान्वयनमा ल्याएको छ । यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष २०७९/८० देखि शुरु हुने गरी बहुवर्षिय/सालबसालीरुपमा जिविकोपार्जन (कृषि, पशु) विषयमा आधारित कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक निजी क्षेत्र/गैरसरकारी क्षेत्रका व्यक्ति/संस्थाहरुबाट यो संशोधित सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तपसिलका कागजात सहित आशयपत्र पेश गर्न आह्वान गरिएको छ ।

तपसिल:

- संस्था दर्ता प्रमाणपत्र, कर चुक्ता, स्थायी लेखा नं. बिगत तीन आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि ।
- लागत साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलेको पत्र ।
- आशयपत्र पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि ।
- समान प्रकृतिको कार्य अनुभवको विवरण ।

महा प्रसाद दंगाल

प्रमुख प्रशासकीय अधिकृत